# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,गौचर
## स्टाफ चमेनागृह संचालन गर्ने सम्बन्धी शिलवन्दी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७४।०५।२३)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर भित्र कार्यालयले तोकेको ९८.८५ ब.मी. क्षेत्रफल रहेको भवनमा नयाँ ठेक्का बन्दोबस्त गरी स्टाफ चमेनागृह संचालन गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट सो कार्य गर्ने गरी इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट निम्न लिखित शर्त बमोजिम रीतपूवर्कको शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

**शर्तहरु:-**

१. बोलपत्र कागजात खरिद गर्नको लागि यस त्रि.अ.वि.ना.उ.कार्यालयको राष्ट्रिय वाणिज्य बैंक गौचर स्थित खाता नं.५८ मा मू.अ.कर वाहेक रु.३००।-(तीन सय) (पछि फिर्ता नहुने) नगद दाखिला गरेको सक्कल भौचर र फर्म रजिष्ट्रेशन प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको अध्यावधिक प्रतिलिपी, अनुभवका प्रमाणपत्र तथा संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको कर्पोरेट महाशाखाबाट खरिद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा शिलबन्दी बोलपत्र प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

२. बोलपत्र कागजात खरिद गर्न अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन कार्यालय समयभित्र बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजे भित्र बोलपत्र दाखिला गर्नुपर्नेछ । उक्त दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सोही समय भित्र दाखिला गर्न सकिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु सोही दिनको दिउँसो २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम वाहिर स्टाफ चमेना गृह स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

४. बोलपत्र साथ रजिस्टर्ड फर्म वा कम्पनीको फर्म दर्ता प्रमाण पत्र (नविकरण सहित), नेपाल सरकारको सम्बन्धित निकायबाट व्यवसाय संचालन गर्न प्राप्त इजाजत पत्र, आयकर दर्ता प्रमाणपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र प्रतिलिपी, संचालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नुपर्नेछ ।

५. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म वा कम्पनीले सो वक्यौता फछ्र्यौट नगरेको अवस्थामा त्यस्ता फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

६. बोलपत्रदाताले स्टाफ चमेनागृह संचालन गर्नको लागि संलग्न अनुसूची १ मा रहेको खानाको परिकार विवरणमा तोकिएको महलमा के-कति मूल्यमा सेवा पुर्‍याउने हो सो उल्लेख गर्नुपर्नेछ । अनूसूची १ मा बोलपत्रदाताले उल्लेख गरेको मूल्य (दररेट) मूल्याङ्कनको मूख्य आधार हुनेछ ।

७. चमेनागृह संचालन गर्ने अवधि ३ (तीन) वर्षको हुनेछ ।

८. बोलपत्रदाताले बोलपत्र साथ रु.२०,०००।-(बीस हजार) राष्ट्रिय वाणिज्य बैंक गौचर स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. ७० मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावरको मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा १२० दिन मान्य अवधि भएको बैंक जमानी पत्र (**Bid \Bond**) पेश गर्नुपर्नेछ । नगद जमानत राखेकोमा पछि बैंक ग्यारेण्टीमा परिणत गर्न पाइने छैन । स्वीकृत बोलपत्रदाताले रु. २,००,०००।-(दुई लाख) राष्ट्रिय वाणिज्य बैंक गौचर स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं.७० मा जम्मा गरी वा उल्लेखित रकम बराबरको मान्यता प्राप्त बैंकबाट ३ वर्ष ६ महिना अवधि भएको यस कार्यालयको नाममा जारी भएको **Performance Bond** पेश गरी सम्झौता गर्नुपर्नेछ ।

९. शर्त सहितको बोलपत्र मान्य हुनेछैन । साथै तोकिएको अनुसूची फाराम नभरी पेश भएको बोलपत्र प्रस्ताव मान्य हुनेछैन ।

१०. बोलपत्रदाताले आफूले कबोल गरेको मूल्य विवरण अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. चमेनागृहमा प्रशोधित पिउने पानीको पर्याप्त व्यवस्था संचालक स्वयंले गर्नुपर्नेछ ।

१२. चमेनागृहमा खपत हुने विद्युतको महशुल रकम संचालकले मासिक रुपमा कार्यालयलाई बुझाउनु पर्नेछ ।

१३. रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१४. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१५. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१६. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।